# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱི་ཁྲུབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

प.सं.२०७९/०८०

च.नं.

---

## विनियोजन ऐन

सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८०/०३/१०

प्रस्तावना : सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको विनियोजन ऐन, २०८०" रहेको छ । (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रकम रु. - ४४,८४,९४,३२० (अक्षेरुपी चौवालिस करोड चौरासी लाख एक हजार तीन सय विस मात्र) र पूँजिगत खर्च रकम रु. २९,९२,३१,९९९ /-(अक्षेरुपी उनन्तीस करोड बयानब्बे लाख एकतिस हजार नौ सय उन्नसय मात्र ) समेत गरी जम्मा रकम रु. ७४,७७,२६,३१९ /-(अक्षेरुपी चौरहत्तर करोड सतहत्तर लाख छव्वीस हजार तीन सय उन्नाईस मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

अनुसुची १

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आ.व. : २०८०/८१

| क्र.स | शीर्षक | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|
| | **संघीय सरकारवाट प्राप्त हुने** | |
| १ | समानिकरण अनुदान | १२,७४,००,००० |
| २ | राजश्व वाँडफाँट | ११,१२,१६,००० |
| ३ | शसर्त अनुदान चालु | ३१,०८,००,००० |
| ४ | शसर्त अनुदान पुँजीगत | १,७९,००,००० |
| ५ | विषेश अनुदान पुँजीगत | १५०,००,००० |
| ६ | समपुरक कोष | २३०,००,००० |
| ७ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३०,००० |
| ८ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | ७०,००,००० |
| ९ | बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ८०,००,००० |
| | **क- जम्मा संघीय सरकारवाट प्राप्त हुने** | **६२,०३,४६,०००** |
| १ | **प्रदेश सरकार सरकारवाट प्राप्त हुने** | |
| २ | समानिकरण अनुदान | ८०,८३,००० |
| ३ | शसर्त अनुदान चालु | ४१,५७,००० |
| ४ | शसर्त अनुदान पुँजीगत | ५०,००,००० |
| ५ | समपुरक अनुदान पूँजीगत | १,३०,००,००० |
| ६ | सवारी कर राजश्व वाँडफाँट | ९०,४२,००० |
| ७ | घर जग्गा रजिष्ट्रेशन | १,००,००,००० |
| | **ख-जम्मा प्रदेश सरकारवाट प्राप्त हुने** | **४,९२,८२,०००** |
| | **आन्तरिक श्रोतबाट प्राप्त हुने** | |
| १ | भुमिकर/मालपोत | १६,००,५०० |
| ३ | घरवहाल कर | ३०,००,००० |
| ४ | वहाल विटौरी कर | ३,५०,००० |
| ५ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,००,००० |
| ६ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,२०,००० |
| ७ | विद्युत सेवा शुल्क | १५,००,००० |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | १४,१५,००० |
| ९ | न्यायिक दस्तूर | ५०,००० |

| | | |
|---|---|---|
| १० | परीक्षा शुल्क | ३०,००० |
| ११ | नक्सापास दस्तुर | १५,००,००० |
| १२ | सिफारिश दस्तुर | १२,००,००० |
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,००० |
| १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,००० |
| १६ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १,००,००० |
| १७ | वन क्षेत्रको आय | १५,००,००० |
| १८ | न्यायिक दण्ड, जरिवाना र जफत | १०,००० |
| १९ | फोहोर मैला संकलन शुल्क | ११,००,००० |
| २० | अन्य दस्तुरवाट प्राप्त आय | २८,४१,०१९.०२ |
| २१ | कवाडी जन्य वस्तु संकलन शुल्क | १०,००,००० |
| २२ | सडक वोर्ड | ५०,००,००० |
| २३ | दहत्तर वहत्तर वाट राजश्व वाँडफाँट भइ प्राप्त आय | १५००००० |
| | **ग- जम्मा आन्तरीक स्रोत तर्फको आम्दानी** | **२,४८,१६,५१९.०२** |
| १ | **ङ-अगामी आ.वमा वचत हुने** | **५,३२,८१,८००.९८** |
| | **कुल जम्मा आम्दानी क+ख+ग+घ+ङ** | **७४,७७,२६,३१९.००** |